प्रदेश प्रमुख

गण्डकी प्रदेश
पोखरा, नेपाल
फोन नं. ०६१-५७०८८३

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

# हरितालिका (तीज) पर्व, २०८३ को शुभकामना सन्देश

नेपाली हिन्दू महिलाहरूको महान् पर्व हरितालिका (तीज), २०८३ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली महिला दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि एवं प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वैदिक सनातन हिन्दू धर्मावलम्बी नारीहरु देवादिदेव महादेवको पूजा आराधना गरी आज तीज मनाउँदैछन् । सांस्कृतिक सहिष्णुता र सामाजिक एकताको प्रतीकका रुपमा रहेको यस तीज पर्वले नेपालीलाई एकताको सूत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्नुका साथै एकआपसमा खुसी साटासाट र मनोरञ्जनको अवसरसमेत प्रदान गर्दै आएको छ ।

नेपालको सकारात्मक सांस्कृतिक परम्परामा महिला मुक्ति तथा स्वतन्त्रताको भावना मुखरित गर्ने पर्वका रुपमा तीजको विशेष महत्व छ । तीज पर्वले समाजका हरेक क्षेत्रमा महिलाको समान पहुँचलाई अझ सशक्तरूपमा अघि बढाउँदै सामाजिक, सांस्कृतिक एकता तथा पारिवारिक सम्बन्धहरू थप सुमधुर बनाउन योगदान गर्ने विश्वास व्यक्त गर्दछु ।

चाडपर्वसँग गाँसिएका धार्मिक र सांस्कृतिक पक्षको समयानुकूल जगेर्ना गर्ने तथा विकृति र विसङ्गतिहरू न्यून गर्दै लैजाने कार्यमा क्रियाशील रहन सम्बद्ध सबैमा म हार्दिक आह्वान गर्दछु । नेपाली मौलिक संस्कृति सम्वर्द्धन गर्दै संस्कारयुक्त आदर्श सामाजिक वातावरण तयार गर्न र सदाचार जीवनशैली अपनाउन अपिल गर्दछु ।

अन्त्यमा, हरितालिका (तीज) पर्वले हामी सबैमा खुशी र मनोरञ्जन साटासाट गर्दै सामाजिक, सांस्कृतिक तथा पारिवारिक एकता र सम्बन्ध थप सुमधुर बनाउन सहयोग पुगोस् भन्ने कामना गर्दछु ।

२०८३ भदौ २९ गते, सोमबार ।
ने.सं. ११४६ अलाथ्व, तृतीया ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख
**प्रदेश प्रमुख**